## निर्वाचन आयोग, नेपाल

## मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

आगामी प्रदेशसभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनको लागि यही मिति २०७४ साल श्रावण १ गतेदेखि निर्वाचन घोषणा नभएसम्म सबै जिल्लास्थित निर्वाचन कार्यलयहरू र मिति २०७४ साल श्रावण १६ गतेदेखि ३२ गतेसम्म जिल्ला सदरमुकाम बाहेकका सबै स्थानीय तहको केन्द्रमा समेत मतदाता नामावली दर्ता/संकलन कार्यक्रम सञ्चालन भइरहेको छ । यस अघि आयोगबाट प्रकाशित मतदाता नामावलीमा आफ्नो नाम समावेश नभएका व्यक्तिले आफ्नो नागरिकताको प्रमाणपत्र लिई जिल्ला सदरमुकाम रहेको स्थानीय तहका मतदाताका लागि आफ्नो जिल्लाको क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा र अन्य मतदाताको लागि आफ्नो स्थायी बसोवास भएको स्थानीय तहमा रहेको टोली समक्ष स्वयम् उपस्थित भई मतदाता नामावलीमा नाम दर्ता गराउनु हुन सम्बन्धित सरोकारवालाहरूलाई निर्वाचन आयोग अनुरोध गर्दछ ।

आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तहमा उपस्थित भई नाम दर्ता गर्न असमर्थ मतदाताले जुनसुकै जिल्ला सदरमुकामस्थित क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा उपस्थित भई नाम दर्ता गराउन सकिनेछ।

आयोगबाट यस अघि प्रकाशित नामावलीमा आफ्नो नाम तथा ठेगानामा कुनै त्रुटी भएको भए त्रुटी सच्याउन, दोहोरो नाम हटाउन वा सार्नका लागि मतदाताले आफ्नो स्थायी बसोवास भएको जिल्लाको निर्वाचन कार्यालय अथवा आफ्नो स्थायी बसोवास रहेको स्थानीय तहमा रहेको टोली समक्ष आवश्यक कागज प्रमाण सहित निवेदन बुझाउन सकिनेछ।

यस अघि नाम दर्ता गराई मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिले पुनः नाम दर्ता गराउनु पर्दैन ।